"हाम्रो कला हाम्रो संस्कृति, मध्यपुर थिमि हाम्रो सम्पत्ति"

स्थानीय सरकार

मध्यपुर थिमि नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

थिमि भक्तपुर , वागमती प्रदेश, नेपाल

सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण

(मिति २०७९ कार्तिक १ गते देखि मिति २०७९ पौष मसान्त सम्मको विवरण)

(१) नगरपालिकाको स्वरुप र प्रकृतिः

मध्यपुर थिमि नगरपालिका वि.स. २०५३ साल चैत्र १४ गते स्थापना भई विभिन्न समयमा जारी भएका कानुन बमोजिम तोकिएका कार्य, जिम्मेवारी सहित अविछिन्न सेवा प्रवाह गर्दै आएको छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ हुँदै नेपालको संविधान २०७२ ,स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम संघीय संरचना अन्तगत स्थानीय सरकारको रुपमा अवस्थित नगरपालिका हो ।

(२) नगरपालिकाको काम, कर्तव्य र अधिकारः

यस नगरपालिका नेपालको संविधानको अनुसूची–८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची–९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र वागमती प्रदेशले कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानूनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं नगरपालिकाको स्थानीय कानूनहरु, ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, मार्गदर्शन र निर्णयहरु समेतले तोके बमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ ।

(३) नगरपालिकामा रहने कर्मचारी विवरणः

यस नगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या, कर्मचारीको सेवा, समुह, तह समेतको विस्तृत विवरण र नगरपालिकाको संगठन संरचना समेत नगर सभाबाट स्वीकृत भए बमोजिम काम कारवाही भइरहेको छ । कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको विवरण यस नगरपालिकाको वेबसाइट www.madhyapurthimimun.gov.np मा समेत राखिएको छ ।

(४) नगरपालिकाबाट प्रदान गरिने सेवाः

नेपालको संविधान,स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र वागमती प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं यस नगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड समेत), निर्णयहरु तथा नगरपालिकाको अविछिन्न अभ्यासहरुको अधिनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ ।

(५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः

यस नगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्न महाशाखाहरु, शाखाहरु, ९ वटा वडा कार्यालयहरु, आयोजना, कार्यक्रम तथा अन्य कार्यालयहरु रहेका छन । नगरपालिकाको प्रमुख, उप–प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रवक्ता, सूचना अधिकारी, महाशाखा प्रमुख, शाखा प्रमुख तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण नगरपालिकाको www.madhyapurthimimun.gov.np वेबसाइट मा उल्लेख गरिएको छ ।

(६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

यस नगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधी विवरण मध्यपुर थिमि नगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४,स्थानीय कानून, नागरिक वडापत्र समेतबाट निर्धारण गरिन्छ । यस सम्बन्धी व्यवस्था नगरपलिकाको वेबसाइट www.madhyapurthimimun.gov.np मा समेत उल्लेख गरिएको छ ।

(७) निर्णय गर्ने प्रक्रिया र अधिकारीः

यस नगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय, बागमति प्रदेश कानून र स्थानीय ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही प्रमुख, उप–प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ ।नगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

(८) गुनासो सुन्ने अधिकारी / निर्णय उपर उजुरी सुन्ने अधिकारीः

यस नगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि नगरपालिकाको कानून तथा प्रशासन महाशाखा प्रमुख केशब सिलवाललाई गुनासो अधिकारी तोकेको छ । निर्णय उपर उजुरी सुन्ने अधिकारीको हकमा (प्रचलित कानूनले ब्यबस्था गरे बमोजिम कार्यालय प्रमुख , नगर प्रमुख) ।

(९) सम्पादन गरेको कामको विवरणः

यस नगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रुपमा नगरपालिकाले गर्न सक्ने सम्पूर्ण काम कारवाहीहरु गर्दै आईरहेको छ ।

(१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः

कार्यालय प्रमुखको नाम : विजयराज सुबेदी
पद : प्रमुख प्रशासकीय अधिकृत
इमेल ठेगाना cao@madhyapurthimimun.gov.np
सम्पर्क नम्बर : ९८५१२७४१११
सूचना अधिकारीको नाम : केशब सिलवाल
पद : महाशाखा प्रमुख (कानून तथा प्रशासन महाशाखा)
सम्पर्क नम्बर : ९८५११२५०९०
इमेल ठेगाना : keshabsilwal@yahoo.com

(११) ऐन, नियम, विनियम, कार्यविधी वा निर्देशिकाको सूचीः

मध्यपुर थिमि नगरपालिकासँग सम्बद्ध संघीय र प्रदेश कानून बाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधी र निर्देशिकाहरुको परिपालना गरिरहेको छ । उक्त स्थानीय कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रबन्धहरुको विस्तृत सूची नगरपालिकाको वेबसाइटमा www.madhyapurthimimun.gov.np राखिएको छ ।

१२ . आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

यस नगरपालिकाको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरणहरु सवत् २०७९ कार्तिक १ गते देखि २०७९ पौष मसान्त सम्मको क्षेत्रगत बजेट तथा खर्च विवरण यस प्रकार रहेको छ ।

मध्यपुर थिमी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, भक्तपुर
कार्यालयको कोड : ८०३३३४०३३०४

आय व्ययको विवरण

आ.व. : २०७९/८० अवधी : २०७९/०७/०१-२०७९/०९/३० बजेट प्रकार : चालु

आय

शीर्षक	प्रस्तावित आय	वास्तविक आय	आम्दानी(%)	मौज्दात
संघीय सरकार	४७,१२,००,०००.००	११,५४,७५,०००.००	२४.५१	३५,५७,२५,०००.००
१३३११ समानिकरण अनुदान	२४,१९,००,०००.००	६,०४,७५,०००.००	२५	१८,१४,२५,०००.००
१३३१२ शसर्त अनुदान चालु	२२,००,००,०००.००	५,५०,००,०००.००	२५	१६,५०,००,०००.००
१३३१३ शसर्त अनुदान पुँजीगत	२३,००,०००.००	०.००	०	२३,००,०००.००
१३३१७ समपुरक अनुदान पुँजीगत	७०,००,०००.००	०.००	०	७०,००,०००.००
प्रदेश सरकार	७,८०,२४,०००.००	१,०२,७५,०००.००	१३.१७	६,७७,४९,०००.००
१३३११ समानिकरण अनुदान	२,४३,८०,०००.००	६०,९५,०००.००	२५	१,८२,८५,०००.००
१३३१२ शसर्त अनुदान चालु	२,३६,४४,०००.००	४१,८०,०००.००	१७.६८	१,९४,६४,०००.००
१३३१६ समपुरक अनुदान चालु	३,००,००,०००.००	०.००	०	३,००,००,०००.००
राजस्व बाडफाड	४३,०४,६१,०००.००	२,०६,८७,०५०.४५	४.८	४०,९७,७३,९४९.५५
११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर	३०,००,००,०००.००	०.००	०	३०,००,००,०००.००
११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर	९,६३,५८,०००.००	८०,८२,०५३.५७	८.३९	८,८२,७५,९४६.४३
११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क	२,००,०००.००	३३,०४,३०३.२६	१६५२.१५	(३१,०४,३०३.२६)
११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	३,१८,२३,०००.००	९३,००,६९३.६२	२९.२३	२,२५,२२,३०६.३८
११४७१ बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर	८,००,०००.००	०.००	०	८,००,०००.००
११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर	१०,००,०००.००	०.००	०	१०,००,०००.००
१४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी	२,००,०००.००	०.००	०	२,००,०००.००
१४१५४ बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी	२०,०००.००	०.००	०	२०,०००.००

व्यय

शीर्षक	बार्षिक बजेट	खर्च	खर्च(%)	मौज्दात
चालु	६४,२०,१९,८००.००	७,९५,४५,९१८.५८	१२.३९	५६,२४,७३,८८१.४२
२११११ पारिश्रमिक कर्मचारी	२३,००,८८,९६०.००	५,०६,०६,३१०.८८	२१.९९	१७,९४,८२,६४९.१२
२११२१ पोशाक	२७,०४,०००.००	०.००	०	२७,०४,०००.००
२११२२ खाद्यान्न	२,००,०००.००	०.००	०	२,००,०००.००
२११२३ औषधीउपचार खर्च	२,००,०००.००	२०,०००.००	१०	१,८०,०००.००
२११३१ स्थानीय भत्ता	२८,०००.००	०.००	०	२८,०००.००
२११३२ महंगी भत्ता	४३,४४,०००.००	५,६४,०००.००	१२.९८	३७,८०,०००.००
२११३४ कर्मचारीको बैठक भत्ता	१६,००,०००.००	७०,०००.००	४.३८	१५,३०,०००.००
२११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार	४,००,०००.००	०.००	०	४,००,०००.००
२११३९ अन्य भत्ता	२२,९१,०००.००	३७,०००.००	१.६२	२२,५४,०००.००
२११४१ पदाधिकारी बैठक भत्ता	२५,००,०००.००	०.००	०	२५,००,०००.००
२११४२ पदाधिकारीअन्य सुबिधा	७१,४६,०००.००	११,९१,०००.००	१६.६७	५९,५५,०००.००
२११४९ पदाधिकारी अन्य भत्ता	१२,६६,०००.००	२,११,०००.००	१६.६७	१०,५५,०००.००
२१२१२ कर्मचारीको योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च	४,००,०००.००	०.००	०	४,००,०००.००
२१२१४ कर्मचारी कल्याण कोष	७०,००,०००.००	०.००	०	७०,००,०००.००
२२१११ पानी तथा बिजुली	२५,५०,०००.००	२,००,४९३.००	७.८६	२३,४९,५०७.००
२२११२ संचार महसुल	२७,०७,०००.००	१,३४,१५४.००	४.९६	२५,७२,८४६.००
२२११३ सार्वजनिक उपयोगिताको सेवा खर्च	३,००,०००.००	०.००	०	३,००,०००.००
२२२११ इन्धन (पदाधिकारी)	१३,८०,०००.००	२,०४,७४८.००	१४.८४	११,७५,२५२.००
२२२१२ इन्धन (कार्यालय प्रयोजन)	२४,५४,०००.००	६,६५,६६३.००	२७.१३	१७,८८,३३७.००
२२२१३ सवारी साधन मर्मत खर्च	२४,००,०००.००	७,४४,०४७.७०	३१	१६,५५,९५२.३०
२२२१४ बिमा तथा नवीकरण खर्च	९,००,०००.००	७,०००.००	०.७८	८,९३,०००.००
२२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	९,९६,०००.००	०.००	०	९,९६,०००.००
२२२३१ निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च	२,५०,००,०००.००	२०,०९,२०६.००	८.०३	२,२९,९०,७९४.००

मध्यपुर थिमी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, भक्तपुर
कार्यालयको कोड : ८०३३३४०३३००

आय व्ययको विवरण

आ.व. : २०७९/८० अवधी : २०७९/०७/०१-२०७९/०९/३० बजेट प्रकार : चालु

आय

रोयल्टी				
१४१५५ बाँडफाँड भई प्राप्त जलस्रोत सम्बन्धी रोयल्टी	२०,०००.००	०.००	०	२०,०००.००
१४१५६ बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी	२०,०००.००	०.००	०	२०,०००.००
१४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त हुने आय	२०,०००.००	०.००	०	२०,०००.००
अन्तरिक श्रोत	७७,०५,६५,०००.००	३,९४,६५,९८१.०७	५.१२	७३,१०,९९,०१८.९३
११३१३ एकीकृत सम्पती कर	६,००,००,०००.००	१,०५,२६,८४१.३८	१७.५४	४,९४,७३,१५८.६२
११३१४ भुमिकर/मालपोत	१८,००,०००.००	२,८९,८५९.००	१६.१	१५,१०,१४१.००
११३२१ घरवहाल कर	६,००,००,०००.००	१,४६,३७,६६२.६७	२४.४	४,५३,६२,३३७.३३
११३२२ वहाल विटौरी कर	३०,०००.००	१४,४००.००	४८	१५,६००.००
११४५१ सवारी साधन कर (साना सवारी)	२०,०००.००	०.००	०	२०,०००.००
११६९१ अन्य कर	१०,००,०००.००	९,६४,४५०.००	९६.४५	३५,५५०.००
१३४११ अन्य संस्थागत आन्तरिक अनुदान	७,५०,००,०००.००	०.००	०	७,५०,००,०००.००
१४१५१ सरकारी सम्पतीको वहालबाट प्राप्त आय	२५,०००.००	८,०००.००	३२	१७,०००.००
१४२१३ अन्य बिक्रीबाट प्राप्त रकम	१,५०,०००.००	२७,२६१.००	१८.१७	१,२२,७३९.००
१४२१९ अन्य सेवा शुल्क तथा बिक्री	२०,००,०००.००	१३,००,७८२.७३	६५.०४	६,९९,२१७.२७
१४२२१ न्यायिक दस्तुर	५,०००.००	०.००	०	५,०००.००
१४२२३ शिक्षा क्षेत्रको आम्दानी	१०,०००.००	०.००	०	१०,०००.००
१४२२४ परीक्षा शुल्क	१०,०००.००	०.००	०	१०,०००.००
१४२२९ अन्य प्रशासनिक सेवा शुल्क	१,००,०००.००	९१०.००	०.९१	९९,०९०.००

व्यय

२२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च	३,००,०००.००	०.००	०	३,००,०००.००
२२३११ मसलन्द तथा कार्यालय सामाग्री	८२,६५,०००.००	१९,५७,२६२.००	२३.६८	६३,०७,७३८.००
२२३१३ पुस्तक तथा सामग्री खर्च	६,००,०००.००	२३,८९५.००	३.९८	५,७६,१०५.००
२२३१४ इन्धन - अन्य प्रयोजन	५०,०००.००	०.००	०	५०,०००.००
२२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	४१,२५,०००.००	६,८९,५०७.००	१६.७२	३४,३५,४९३.००
२२३१९ अन्य कार्यालय संचालन खर्च	१५,८०,०००.००	०.००	०	१५,८०,०००.००
२२४११ सेवा र परामर्श खर्च	३१,४८,०००.००	५,००,९१८.००	१५.९१	२६,४७,०८२.००
२२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	३६,००,०००.००	०.००	०	३६,००,०००.००
२२४१३ करार सेवा शुल्क	२,९२,८६,०००.००	४०,८८,९४०.००	१३.९६	२,५१,९७,०६०.००
२२४१४ सरसफाईसेवा शुल्क	९७,०५,०००.००	१०,०२,६१०.००	१०.३३	८७,०२,३९०.००
२२४१९ अन्य सेवा शुल्क	१५,००,०००.००	९,००,०००.००	६०	६,००,०००.००
२२५११ कर्मचारी तालिम खर्च	४२,००,०००.००	६,१३,४५०.००	१४.६१	३५,८६,५५०.००
२२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	३,३४,५१,०००.००	१३,७७,६३९.००	४.१२	३,२०,७३,३६१.००
२२५२१ उत्पादन सामग्री / सेवा खर्च	९१,३६,०००.००	१,५०,०००.००	१.६४	८९,८६,०००.००
२२५२२ कार्यक्रम खर्च	१५,०३,३५,०००.००	७२,७३,२३३.००	४.८४	१४,३०,६१,७६७.००
२२५२९ विविध कार्यक्रम खर्च	७३,००,०००.००	५,१५,०००.००	७.०५	६७,८५,०००.००
२२६११ अनुगमन, मूल्यांकन खर्च	१७,००,०००.००	०.००	०	१७,००,०००.००
२२६१२ भ्रमण खर्च	३८,००,०००.००	१,४६,१००.००	३.८४	३६,५३,९००.००
२२७११ विविध खर्च	५२,३५,०००.००	८,८०,३४५.००	१६.८२	४३,५४,६५५.००
२५३१२ स्वास्थ संस्थाहरूलाई सहायता	३,५०,००,०००.००	०.००	०	३,५०,००,०००.००
२५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता	६१,५०,०००.००	१२,५५,४००.००	२०.४१	४८,९४,६००.००
२७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च	३,००,०००.००	०.००	०	३,००,०००.००
२७२१३ औषधीखरिद खर्च	८६,९१,०४०.००	५,३३,३०५.००	६.१४	८१,५७,७३५.००
२८१४२ घरभाडा	६०,७५,०००.००	९,७३,६१२.००	१६.०३	५१,०१,३८८.००
२८२१९ अन्य फिर्ता	१५,००,०००.००	०.००	०	१५,००,०००.००

मध्यपुर थिमी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, भक्तपुर
कार्यालयको कोड : ८०३३३४०३३००

आय व्ययको विबरण

आ.व. : २०७९/८० अवधी : २०७९/०७/०१-२०७९/०९/३० बजेट प्रकार : चालु

आय

१४२४१ पार्किङ्ग शुल्क	५०,०००.००	०.००	०	५०,०००.००
१४२४२ नक्सापास दस्तुर	७,००,००,०००.००	४४,०६,५३७.१७	६.३	६,५५,९३,४६२.८३
१४२४३ सिफारिश दस्तुर	१,४७,५०,०००.००	१०,८४,६०७.३६	७.३५	१,३६,६५,३९२.६४
१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर	२,००,०००.००	६८,६००.००	३४.२९	१,३१,४००.००
१४२४५ नाता प्रमाणित दस्तुर	२,००,०००.००	१,५२,७६०.००	७६.३८	४७,२४०.००
१४२४९ अन्य दस्तुर	२०,००,०००.००	९,५१,८२४.७६	४७.५९	१०,४८,१७५.२४
१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर	५२,००,०००.००	४,४७,७३०.००	८.६१	४७,५२,२७०.००
१४२५४ रेडियो/ एफ.एम.सञ्चालन दस्तुर	५,०००.००	०.००	०	५,०००.००
१४२६२ विद्युत सम्बन्धी दस्तुर	१०,०००.००	०.००	०	१०,०००.००
१४२६५ अन्य क्षेत्रको आय	५०,००,०००.००	०.००	०	५०,००,०००.००
१४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत	१,५०,००,०००.००	४,२४,१४०.००	२.८३	१,४५,७५,८६०.००
१४३१३ धरौटी सदरस्याहा	३०,००,०००.००	०.००	०	३०,००,०००.००
१४६११ व्यवसाय कर	१,४०,००,०००.००	४१,५९,६१५.००	२९.७१	९८,४०,३८५.००
१५१११ बेरूजू	१०,००,०००.००	०.००	०	१०,००,०००.००
३२१२२ बैंक मौज्दात	४४,००,००,०००.००	०.००	०	४४,००,००,०००.००
जनसहभागिता	१७,००,०००.००	०.००	०	१७,००,०००.००
१३४१२ अन्य व्यक्तिगत आन्तरिक अनुदान	१७,००,०००.००	०.००	०	१७,००,०००.००
जम्मा	१,७५,११,५०,०००.००	१८,५९,०३,०३१.५२	१०.६१	१,५६,६०,४६,९६८.४८

व्यय

२८९११ भैपरी आउने चालु खर्च	८१,३२,८००.००	०.००	०	८१,३२,८००.००
जम्मा	६४,२०,११,८००.००	७,९५,४५,११८.५८	१२.३८	५६,२४,७३,८८१.४२

(१३) तोकिए बमोजिमको अन्य विवरणः

नियमानुसार तोकिए बमोजिमका अन्य विवरण समेत यस नगरपालिकाको वेबसाइट www.madhyapurthimimun.gov.np मा राखिएको छ ।

(१४) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :

यस नगरपालिकाले हरेक आर्थिक वर्षको लागि नगर सभाबाट स्वीकृत बजेट नीति तथा कार्यक्रम बमोजिम समय समयमा विभिन्न प्रकारका नगरपालिकाको क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

(१५) सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण :

यस नगरपालिकासँग सम्बन्धित संक्षिप्त विवरण एवं सूचनाहरु जानकारीको लागी मध्यपुर थिमि नगरपालिकाको आफ्नै वेबसाईमा www.madhyapurthimimun.gov.np रहेकोछ ।

(१६) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः

नेपाल सरकार, प्रदेश सरकार बागमती प्रदेशबाट अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रचलित ऐन, नियममा तोकिए बमोजिम वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी भए गरेमा सो को विस्तृत विवरण यस नगरपालिकाको वेबसाईट www.madhyapurthimimun.gov.np मा राखिनेको छ ।

(१८) सार्वजनिक निकायको वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी :

यस नगरपालिकाको सम्पूर्ण सूचना, विवरण, तथ्याङ्क एवं आवश्यक दस्तावेजहरुको वर्गिकरण नगरेको तर त्यस्ता सूचनाहरु नगरपालिकाले प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिएको छ ।

(१९) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः

नेपाली नागरिक,सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरुले नगरपालिकासँग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ । मिति २०७९ कार्तिक १ गते देखि मिति २०७९ पौष मसान्त सम्मको सूचना माग नभएको ।

२०) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण:

महत्वपूर्ण सूचनाहरु राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण नगरपालिका वेबसाइट राख्ने गरिएको छ । भक्तपुर एफ.एमबाट नगरपालिका सम्बन्धी सूचना, तथ्याङ्क र गतिविधिहरु सार्वजनिक भैरहेका छन् ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका

२०६८।१०।०५

सुचना अधिकारी
केशब सिलवाल